# सञ्चारिका लेखमाला

# Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष १० | अंक १० | मासिक | असोज/कात्तिक | October 2007



- *सिफारिस गरिएका नाममै महिला न्यून* — रूपा गहतराज
  **अझै समावेशी छैनन् दलहरू**
- *तिब्बती शरणार्थीको पीडा* — समीक्षा कोइराला
  **कहिल्यै मर्दैन मातृभूमिको माया**
- *साहित्यमा न्यून महिला सहभागिता* — ममता शर्मा नेपाल
  ***परिवार र समाजकै असहयोग***
- *घरभित्रै छ छुवाछूत* — इन्दिरा अर्याल
  **भातभान्सा चले पनि छोइछिटोमा सुनपानी**
- *महिलाले बनाए नमुना गाउँ* — प्रेमकुमारी घले
  **चुलोचौकोसँगै विकासमा महिला**
- *बेरोजगारीले बढाएको मानसिक समस्या* — नेहा शर्मा (रूपा)
  **युवा पुस्तालाई समेट्न अवसरको खाँचो**
- सुदूरपश्चिममा कुपोषणको डरलाग्दो रूप — यमकला पाण्डेय
  **गरिबी र अशिक्षाले निम्त्याएको खतरा**





सञ्चारिका समूह/नेपाल

# सिफारिस गरिएका नाममै महिला न्यून

**संविधानसभाको निर्वाचनका लागि कम्तीमा ३३ प्रतिशत महिला उठाउनुपर्ने व्यवस्था कानुनी भइसक्यो । त्यसमा पनि समानुपातिक निर्वाचन प्रणालीमा त ५१ प्रतिशत । तर, क्षेत्रबाट नाम सिफारिस गर्दा समानुपातिक रूपमा महिलाको नाम कुनै पार्टीबाट पनि आएको छैन । जसका लागि बाँकेकै तथ्याङ्क हेरे मात्र पनि पुग्छ । तर, संसद्ले कानुन मात्र बनाउने दलले लागू नगर्ने हो भने कसका लागि हो यो कानुन ?**

**✍ रूपा गहतराज**

**बाँके**/ जनआन्दोलन-२ को सफलतापछि हरेक क्षेत्रमा समावेशी र समानुपातिक प्रतिनिधित्वको कुरा जोडतोडले उठेको हो। पुनर्स्थापित संसद् र आठदलीय सहमतिमा जारी अन्तरिम संविधानले पनि त्यसलाई मूर्तरूप दियो। जसको फलस्वरूप सविधानसभाको निर्वाचनमा समानुपातिकबाट ५० प्रतिशत र प्रत्यक्ष निर्वाचनबाट कम्तीमा ३३ प्रतिशत महिला राख्नुपर्ने व्यवस्था गरेको छ। यो व्यवस्थाको राज्य सञ्चालनमा सहभागी हुने दलहरूले कत्तिको कार्यान्वयन गर्छन् भनेर मूल्याङ्कन गर्ने पहिलो अवसर थियो, संविधानसभा निर्वाचनमा उनीहरूले देखाउने समावेशी चरित्र। तर, सत्तासाझेदार प्रमुख राजनीतिक दलहरूले संविधानसभा निर्वाचनका लागि सिफारिस गरेको उम्मेदवारको सूची हेर्दा लाग्छ दलहरूमा अझै पनि समावेशी चरित्र समेटिएको छैन।

त्यसको ताजा उदाहरण खोज्न अन्यत्र कहीँ जानैपर्दैन, पश्चिम तराईको बाँके जिल्लाबाट दलहरूले सिफारिस गरेका उम्मेदवारको सूचीमात्र हेरे त्यो तथ्य छर्लंग हुन्छ। र, समावेशीको मुद्दालाई सबैभन्दा बढी खिल्ली उडाउने काम गरेको छ, सरकारको नेतृत्व गरेको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसले। काङ्ग्रेसले बाँकेबाट सिफारिस गरेका उम्मेदवारको सूचीमा ३३ प्रतिशत त टाढाको कुरा, महिला सहभागिता सामान्य चित्त बुझाउनेसम्म पनि छैन। ४ निर्वाचन क्षेत्र भएको बाँकेबाट प्रत्यक्ष निर्वाचन प्रणालीमा काङ्ग्रेसले एकजना मात्र महिला उम्मेदवारको नाम सिफारिस गरेको छ। एउटा क्षेत्रबाट न्यूनतम तीनजना उम्मेदवारको नाम सिफारिस गर्नुपर्नेमा क्षेत्र नम्बर १, ३ र ४ मा महिलाको नामै छैन भने क्षेत्र नम्बर २ बाट एकजना महिला किरण कोइरालाको नाममात्रै सिफारिस गरिएको छ।

यही हो त ३३ प्रतिशत महिला सहभागिता ? काङ्ग्रेसका नेताहरूको जवाफ अनौठो छ। 'पठाउनका लागि मात्रै महिला पठाएर भएन, चुनाव लड्ने र जित्न सक्ने पनि त हुनुपर्‍यो महिला,' बाँके काङ्ग्रेसका सचिव सुरेन्द्र सापकोटा भन्छन्, 'त्यही भएर जित्ने सम्भावना नभएकाले महिलाको सङ्ख्या कम भएको हो।' तर,

*'महिला अयोग्य छैनन्, पार्टीले अगाडि आउने वातावरण बनाउँदैन, आउनै दिँदैनन् अनि कसरी हुन्छ समानुपातिक प्रतिनिधित्व,' बाँकेबाट सिफारिस भएकी काङ्ग्रेसकी एकमात्र महिला उम्मेदवार किरण कोइराला भन्छिन्, 'सबै पार्टीले महिला सहभागितालाई झारा टार्न मात्रै प्रयोग गरे, हाम्रो पार्टीमा झन् दयनीय हालत छ।'*

महिला नेत्रीहरू नेतृत्वको यो भनाइप्रति सहमत छैनन्। उनीहरू पुरुषवादी सोचको सिकार महिला नेत्रीहरू बनेको बताउँछन्। 'महिला अयोग्य छैनन्, पार्टीले अगाडि आउने वातावरण बनाउँदैन, आउनै दिँदैनन् अनि कसरी हुन्छ समानुपातिक प्रतिनिधित्व,' बाँकेबाट सिफारिस भएकी काङ्ग्रेसकी एकमात्र उम्मेदवार किरण कोइराला भन्छिन्, 'सबै पार्टीले महिला सहभागितालाई झारा टार्न मात्रै प्रयोग गरे, हाम्रो पार्टीमा झन् दयनीय हालत छ।' तर, काङ्ग्रेस सचिव सापकोटा समानुपातिकको कोटामा भने महिलाको सहभागिता बढी गराइने दाबी गर्छन्।

देशको प्रमुख पार्टी काङ्ग्रेसमा समावेशीको खिल्ली उडाउने यो स्थिति देखिए पनि त्यसको तुलनामा एमालेको उम्मेदवार सूची हेर्दा केही समावेशी लाग्छ। एमालेले ३३ प्रतिशत सहभागिता गराएको हो कि भन्ने विश्वास गर्नुपर्ने हुन्छ। बाँकेका प्रत्येक निर्वाचन क्षेत्रबाट तीनजनाको नाम सिफारिस गरिएकोमा एमालेले प्रत्येक क्षेत्रमा एक-एकजना महिला समेटेको छ। प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत एमालेले बाँके-१ बाट शान्ति ढकाल, २ बाट भानुमती गुप्ता, ३ बाट विजया धिताल र ४ बाट कमला पाण्डेको नाम सिफारिस गरेको छ, जुन

*कुरा ५० प्रतिशत महिला प्रतिनिधित्वको गरे पनि पुरुषहरू अझै पनि महिलाको नेतृत्वमा बसेर काम गर्न नचाहने हुँदा यो स्थिति कायमै रहेको विश्लेषण महिला नेत्रीको छ । 'राजनीतिक दलमा पुरुषवादी सोच हाबी छ,' काङ्ग्रेसमा राम्रो प्रभाव भएकी तर अवसरबाट वञ्चित मुस्लिम महिलाको मुक्तिमा खटेकी एकमात्र नेत्री मोहम्मदी सिद्दिकी भन्छिन्, 'अझै पनि पुरुष महिला माथि उठेको हेर्न चाहँदैनन्, उनीहरूको नेतृत्व स्वीकार्न अझै तयार छैनन् ।'*

सिफारिस उम्मेदवारको सूचीमा ३३ प्रतिशत हुन आउँछ। त्यसैगरी समानुपातिकमा पनि एमालेले महिलालाई महत्व दिएको देखिन्छ। समानुपातिकमा भने एमालेले ५० प्रतिशत महिला सहभागिता गराएको छ। जिल्लाबाट समानुपातिकका लागि सिफारिस आठजनाको नाममा चारजना महिला छन्। एमाले बाँकेका सचिव देवराज भार पुरुषको दाँजोमा राजनीतिमा महिला सहभागिता बढ्दै गएको र त्यो उत्साहलाई जोगाइराख्न समानुपातिक प्रतिनिधित्व गराइएको बताउँछन्। उनी भन्छन्, 'हामी अरू पार्टीजस्तो कुरा मात्र होइन, व्यवहारमा पनि लागू गर्छौं भन्ने प्रमाण हो यो।'

तर, एमालेका नेत्रीहरू यसमा सन्तुष्ट छैनन्। उनीहरू महिला सक्षम रहेको र आधा हिस्सा महिलालाई दिइनुपर्ने माग गर्छन्। जनआन्दोलन-२ मा महिलाको योगदान कम थिएन, त्यो आधारमा पार्टीले महिलाको उचित मूल्याङ्कन गर्नुपर्ने उनीहरूको भनाइ छ। एमाले जिल्ला कमिटी सदस्य तथा उम्मेदवारमा सिफारिस विजया धिताल पार्टीले ३३ प्रतिशत पुग्नेगरी महिला सहभागिता गराए पनि भौगोलिक हिसाबले महिलाको प्रतिनिधित्व गराउन पार्टीले कन्जुस्याइँ गरेको बताउँछिन्। 'उम्मेदवार बनाउने र पार्टीले टिकट दिने मात्र ठूलो कुरा होइन, चुनाव जित्ने वातावरण पनि पार्टीले बनाउनुपर्छ,' उनी भन्छिन्, 'राजनीतिमा लाग्दा हामीले परिवार र समाजबाट ठूलै अवहेलना खेप्नुपरेको छ तर, पनि हामी आत्तिएनौं। अब त्यसको मूल्याङ्कन पार्टीले गर्नुपर्ने बेला आयो, उम्मेदवार बनाएर मात्र भएन, जित्ने अवस्था पनि हुनुपर्‍यो।'

संविधानसभाको तिथि नजिकिँदै जाँदा सरकारबाट बाहिरिएको अर्को प्रमुख दल नेकपा माओवादीले भने उम्मेदवारको नाम सिफारिस नै गरेको छैन। नेकपा माओवादीको समावेशी रूप त देख्नै बाँकी छ। तर, माओवादीका बाँके इन्चार्ज महेश्वर गहतराज (अथक) केन्द्रीय समितिको निर्णयअनुसार संविधान-सभामा ४० प्रतिशत महिला सहभागिता गराइने बताउँछन्। उनी भन्छन्, 'हामीमाथि शङ्का नगरे हुन्छ, हामी महिला सहभागितामा कुनै कन्जुस्याइँ गर्नेछैनौं।'

केही दलहरूले समानुपातिक प्रणालीको निर्वाचनका लागि महिलाको सिफारिस समानुपातिक रूपमा गर्न खोजेको देखिए पनि प्रत्यक्ष निर्वाचनका लागि भने त्यस्तो छैन। प्रत्यक्ष निर्वाचनका लागि एकदमै कम महिलाको नाम सिफारिस गरिएको छ। त्यसको सीधा अर्थ हो- दलहरू अझै पनि महिलालाई राजनीतिमा सफल मान्दैनन्। महिला उम्मेदवारले निर्वाचन जित्न सक्छन् भन्ने विश्वास उनीहरूमा छैन। समानुपातिक प्रतिनिधित्वका लागि यो विडम्बना नै हो। कुरा ५० प्रतिशत महिला प्रतिनिधित्वको गरे पनि पुरुषहरू अझै पनि महिलाको नेतृत्वमा बसेर काम गर्न नचाहने हुँदा यो स्थिति कायमै रहेको विश्लेषण महिला नेत्रीको छ। 'राजनीतिक दलमा पुरुषवादी सोच हाबी छ,' काङ्ग्रेसमा राम्रो प्रभाव भएकी तर अवसरबाट वञ्चित मुस्लिम महिलाको मुक्तिमा खटेकी एकमात्र नेत्री मोहम्मदी सिद्दिकी भन्छिन्, 'अझै पनि पुरुष महिला माथि उठेको हेर्न चाहँदैनन्, उनीहरूको नेतृत्व स्वीकार्न अझै तयार छैनन्।'

सरकारले हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता गराउने प्रतिबद्धता थुप्रैपल्ट जनाए पनि सरकारका निकायमा त्यो प्रतिबद्धताको झल्कोसम्म पाइँदैन। सरकार त थियो नै, हरेकखाले परिवर्तनको नेतृत्व गर्ने दलहरूले आफ्नै संरचनामा पनि त्यो प्रतिबद्धता लागू गरेको भेटिन्न। दलहरूको यो सोचले समानुपातिक प्रतिनिधित्वको मुद्दाले कहिले मूर्तरूप पाउला भन्ने प्रश्न पनि खडा भएको छ।

पश्चिम तराईमा राजनीतिक चेतना बढी भएको र थुप्रै महिला नेत्री रहेको बाँके जिल्लामा त दलहरूले महिलाको समानुपातिक प्रतिनिधित्व गराउन सकेको देखिएन भने राजनीतिमा महिला सहभागिता कमै भएको जिल्लामा झन् कस्तो अवस्था होला, सहजै अनुमान गर्न सकिन्छ। किनभने, जिम्मेवार राजनीतिक दलहरूले आफैंमा समानुपातिक र समावेशी व्यवहार लागू नगरेसम्म राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्व लागू हुनै सक्दैन, यसमा दलहरूले सोच्नेबेला भएन र ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# तिब्बती शरणार्थीको पीडा

*शरणार्थीको रूपमा नेपाल पसेको ४८ वर्ष भइसक्दा पनि तिब्बतीहरू अझै आफ्नो मुलुक स्वतन्त्र हुने र मातृभूमि फर्कन पाइने आशमा छन् । नेपालीको सहृदयी व्यवहारले उनीहरू यहाँको जीवनशैली र समाजमा घुलमिल हुँदै गएका छन् । तर, मनमा भने मातृभूमिको माया र आस्था उस्तै छ । मातृभूमिबाट टाढा बस्नुपर्दाको पीडाले उनीहरू अहिले पनि छटपटाइरहन्छन् ।*

✍ **समीक्षा कोइराला**

**पोखरा**/ 'चिसो ठाउँ अनि पोताला दरबारको माथिपट्टि झण्डा फहराइरहेका होलान् । अग्लो र रमणीय भूभागलाई सधैंभरि हिउँले ढाक्छ होला ।' कहिल्यै नदेखेको तर, बिर्सन पनि नसकिने चीन स्वशासित तिब्बतको काल्पनिक बयान गर्दा पोखरा पृथ्वीचोकस्थित शरणार्थी शिविरका ३१ वर्षे कर्मा लामा यही भन्ने गर्छन् ।

कर्माजस्तै तेन्जिन नामग्याल पनि त्यही शैलीमा भन्ने गर्छन्, 'जिन्दगी कठिन अनि व्यक्तिगत स्वतन्त्रता नहोला ।' नेपालको उत्तरी भूभागमा पर्ने तिब्बत कहिल्यै नटेकेका तर, त्यही तिब्बतको माया मनभरि बोकेका यी दुई तन्नेरी सपनामा कहिले पोताला दरबार पुग्छन् त कहिले दलाई लामाको जन्मस्थल नोर्बुलिङ्खा । विपनामा भने उनीहरू पोखराको पृथ्वीचोक र महेन्द्रपुलतिरै भेटिन्छन्, उनीहरूले कहिल्यै तिब्बतमा पाइला राख्न पाएका छैनन् ।

तिब्बती भूमिमा चिनियाँ सेनाको उपस्थिति बाक्लो हुँदैछ । चीनसँग मतभेद बढ्दै गएपछि तिब्बतका शासक तथा धार्मिक नेता दलाई लामा १० मार्च १९५९ मा भागेर भारत पसेका थिए । उनले त्यहीं राजनीतिक शरण लिएका थिए । लामासँगै त्यतिखेर थुप्रै तिब्बतीयन भागे, तिनै भाग्नेहरूका सन्तान हुन् कर्मा र नामग्याल, जो आफूलाई तिब्बती भएकोमा गर्व गर्छन् । र, कहिल्यै तिब्बतमा नबसे पनि तिब्बतको माया गर्छन् ।

छोरेपाटन क्याम्प (तिब्बत रिसोर्ट) चलाएका सोनाम साङ्पोले तीनपुस्ता नेपालमै बिताए । तर, पनि उनलाई अहिले पनि तिब्बतको यादले सताउन छोडेको छैन । उनको कार्यकक्षमा तीनजना तिब्बती सहिदका फोटा, थाङ्का र तिब्बतको ठूलो भौगोलिक नक्सा टाँगिएको छ । मातृभूमि तिब्बतप्रति कति माया र आस्था छ भन्ने प्रमाण हो यो । उनी भन्छन्, 'आफूले देख्न नपाए पनि आफ्नो भूमिको माया कहाँ मार्न सकिन्छ र ?'

*नेपालको उत्तरी भूभागमा पर्ने तिब्बत कहिल्यै नटेकेका तर, त्यही तिब्बतको माया मनभरि बोकेका यी दुई तन्नेरी सपनामा कहिले पोताला दरबार पुग्छन् त कहिले दलाई लामाको जन्मस्थल नोर्बुलिङ्खा । विपनामा भने उनीहरू पोखराको पृथ्वीचोक र महेन्द्रपुलतिरै भेटिन्छन्, उनीहरूले कहिल्यै तिब्बतमा पाइला राख्न पाएका छैनन् ।*

तिब्बतीयनको पछिल्लो पुस्ता यसरी नै मनभरि तिब्बतको कल्पनामात्र गरेर बस्न बाध्य छ । तर, कल्पनामात्रै गरेर नहुने रहेछ, आखिर यहाँ बसेपछि नेपाली समाजसँग पनि घुलमिल हुनैपर्ने बाध्यता छ । नेपाली समाजसँगको त्यही घुलमिलले नै होला, उनीहरूमा धेरै नेपालीपन बढ्दै गएको छ । 'टसी दले' र 'नमस्ते'को बीचमा हुर्केको पछिल्लो पुस्तामा मनग्य नेपालीपन भेटिन्छ । चाडपर्व र विशेष अवस्थामा बाहेक अरू बेला उनीहरू नेपाली स्वादमै भुल्छन् । कर्मा आफू बुद्ध धर्मावलम्बी भए पनि दसैंलगायत अन्य चाडबाडमा नेपाली साथीको घर जाने र रमाइलो गर्ने बताउँछन् । केही तिब्बती युवतीले त नेपाली मंगोल समुदायका युवकसँग प्रेमविवाह पनि गरेका छन् । भाषामा भने खस बुझ्ने भए पनि उनीहरू तिब्बती नै बोल्न मन पराउँछन् ।

तिब्बती र नेपाली समुदायबीचमा एउटा कुराको भने गतिलै तालमेल भेटिन्छ । तेन्जिन नामग्यालका अनुसार, उनलाई नेपालको र तिब्बतको कुनैको पनि राजनीतिप्रति चासो छैन । तेन्जिनको सोचाइ पनि उस्तै छ । भन्छन्, 'अप्ठ्यारो पर्दा नेपालले

*तीन पुस्ता बिताइसक्दा पनि शरणार्थी भएर बस्नुपर्दा भने उनीहरू त्यति खुसी छैनन् । तर, पनि नेपालीले आफूलाई दाजुभाइजस्तै व्यवहार गरेकोमा भने खुस नै छन् उनीहरू । नेपालीसरह उच्च शिक्षा हासिल गर्न, सवारीसाधन चलाउन, विदेश जाने अनुमतिजस्ता अधिकार पाएकोमा तिब्बती नेपालप्रति नतमस्तक छन् । तर, यति हुँदा पनि उनीहरूको मनमा तिब्बतप्रतिको अगाध माया हट्दैन, शायद त्यही हो मातृभूमिको माया ।*

हामीलाई शरण दियो, अब नेपाललाई नै हामीले आफ्नो देश ठान्नुपर्छ ।' तीन पुस्ता बिताइसक्दा पनि शरणार्थी भएर बस्नुपर्दा भने उनीहरू त्यति खुसी छैनन् । तर, पनि नेपालीले आफूलाई दाजुभाइजस्तै व्यवहार गरेकोमा भने खुस नै छन् उनीहरू । नेपालीसरह उच्च शिक्षा हासिल गर्न, सवारीसाधन चलाउन, विदेश जाने अनुमतिजस्ता अधिकार पाएकोमा तिब्बती नेपालप्रति नतमस्तक छन् । तर, यति हुँदा पनि उनीहरूको मनमा तिब्बतप्रतिको अगाध माया हट्दैन, शायद त्यही हो मातृभूमिको माया ।

सधैंभरि स्वतन्त्र तिब्बतको कल्पनामा बाँचेका तिब्बतीको पहिलो पुस्ता नेपाल पसेको ४८ वर्ष भइसकेको छ । तिब्बती नेता दलाई लामा शान्तिपूर्ण तवरले स्वतन्त्र तिब्बत बनाउने अभियानमा अहिले पनि लागेकै छन् । दलाई लामा शरणार्थी भएदेखि अहिलेसम्म स्वतन्त्रताका नाममा थुप्रै देश टुक्रिइसकेका छन् । तर, उनले चाहेजस्तै के स्वतन्त्र तिब्बत सम्भव होला त ? कर्मा भन्छन्, 'पाँच वर्ष लाग्ला, दसै वर्ष लाग्ला तर तिब्बत स्वतन्त्र भएरै छाड्छ ।' तर, अवस्था कर्मले सोचेजस्तो छैन । आणविक शक्तिसम्पन्न विशाल देश चीन, जसको जनसङ्ख्या मात्रै १ अर्ब २५ करोडभन्दा बढी छ, त्यसलाई चिरेर तिब्बतलाई स्वतन्त्र बनाउने कल्पना अहिलेसम्म कल्पनामै सीमित देखिन्छ ।

कुनै पनि देशले मान्यता नदिएको तिब्बती 'निर्वासित सरकार'को आँकडाअनुसार १ लाख ११ हजार तिब्बती निर्वासनमा छन् । जसमध्ये सबैभन्दा धेरै अर्थात् ८५ हजार भारतमा बस्छन् । नेपालमा १४ हजारको हाराहारीमा रहेका छन्, पोखरामा मात्रै २ हजार पाँच सयदेखि ३ हजारसम्म छन् । हङ्गेरी, रुस, बेल्जियम, नेपाल, अमेरिका, बेलायतलगायत १४ राष्ट्रमा दलाई लामाका विशेष प्रतिनिधि छन् ।

तर, तिब्बतीहरू अझै पनि मन खोलेर बोल्दैनन् वा बोल्न चाहँदैनन् । पासाङ छिरिङ भन्छन्, 'हामीलाई नेपालले बस्न दिएको छ । नेपाल सरकारको एक चीन-नीति छ । तर हामी स्वतन्त्र तिब्बत चाहन्छौं । यी दुई विरोधाभासपूर्ण कुराले हामीलाई अप्ठेरोमा पार्छ ।' त्यही भएरै होला, उनीहरू यो विषयमा केही बोल्नुपरे त्योभन्दा पहिले यहाँका प्रमुख जिल्ला अधिकारीसँग अनुमति माग्छन् ।

भुटानी शरणार्थीको तुलनामा तिब्बती शरणार्थीको जीवनशैली धेरै फरक छ । आर्थिक र भौतिकरूपमा उनीहरूले भुटानी शरणार्थीजस्तो बिजोग भोग्नुपरेको छैन । उनीहरूको जीवनशैली र हाउभाउमा पनि निकै अन्तर छ । तर, यो सबै कुनै विदेशी सहयोगले भएको होइन । 'तिब्बतीहरू आउँदा आफू मात्रै आएनन्, आफूसँगै सीप पनि लिएर आए,' तेन्जिङ नामग्याल भन्छन्, 'त्यसैको कारण हो तिब्बती शरणार्थी भएर पनि सुखसँगै जीवन बिताउँदैछन् ।'

यहाँको हस्तकला तिब्बती पहिचान नै बनेको छ । भेडाको ऊनबाट क्याम्पमै बसेर गलैंचा, झोला, कार्पेटलगायत सामान बनाउँछन् उनीहरू । तिब्बती कार्पेट नेपालदेखि भारत र युरोपका बजारसम्म लोकप्रिय छ, यस्तो काममा वृद्धदेखि युवासम्म सिपालु छन् । खासमा नेपालमा गलैंचा उद्योग तिब्बतीले नै सुरु गरे । 'तिब्बती शरणार्थी नेपालीसँग मात्रै घुलमिल गरेर बसेनन्, नेपालमा गलैंचा उद्योग पनि हुनसक्छ है भनेर सिकाइदिए,' स्नोल्यान्ड कार्पेट उद्योगका राजेन्द्र विष्ट भन्छन्, 'जसबाट धेरै नेपालीले फाइदा लिए ।'

तिब्बती शरणार्थीको यही सीपले गर्दा क्याम्प सञ्चालनका लागि वैदेशिक सहयोगको भर पर्नुपर्ने अवस्था छैन । पृथ्वीचोक शरणार्थी क्याम्पका कर्माका अनुसार पहिला वैदेशिक सहयोग धेरै आए पनि अहिले आफ्नै व्यवसायबाट आत्मनिर्भर भएकाले त्यस्तो सहयोग आवश्यक पर्दैन । 'पहिला अर्काको सहयोगमा भर पर्नुपर्थ्यो, अहिले आफैं पालिएका छौं,' उनले भने, 'हामीले बनाएको सामान विदेशमा निर्यात हुन थालेपछि व्यावसायिक सफलता पनि मिलेको छ ।'

मःमः, चाउचाउ र थुक्पाजस्ता धेरैको मुखमा झुन्डिएको स्वाद पहिलोपटक नेपाली समुदायलाई चखाउने पनि तिब्बती नै हुन् । पोखरामा धेरै तिब्बतीले सफल पर्यटन व्यवसायीको पहिचानसमेत बनाइसकेका छन् । तर, व्यक्तिगत जीवन सुखी बनाउन जति नै सफलता पाए पनि यी तिब्बतीको मन भने अझै पनि सुखी र खुसी छैन ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# साहित्यमा न्यून महिला सहभागिता

*नेपाली साहित्यमा महिलाको उपस्थिति अझै पनि चित्तबुझ्दो छैन । क्षमता हुँदाहुँदै पनि थुप्रै महिला साहित्यकार अवसरमा पछि पारिएका छन् । महिला साहित्यकारलाई साहित्यमा सक्रिय भएर लाग्न र लेखनको वातावरण बनाउन घरपरिवार, समाज र राज्यले समेत ध्यान दिनुपर्ने बेला भइसक्यो ।*

**✍ ममता शर्मा नेपाल**

> *उपन्यास लेख्न धेरै समय लाग्छ, तर घरमा बसेर लेख्ने समय मिल्दैन, त्यसका लागि एकान्त वातावरण चाहिन्छ । तर, घरमा त्यो वातावरण पाउन गाह्रो हुने अनुभव छ पद्मावतीसँग । घरबाहिर बसेर लेखेको र २०६२ मा साझा प्रकाशनले छापेको उनको त्यही उपन्यन्यासले साझा पुरस्कारसमेत पायो ।*

**काठमाडौं**/उपन्यासकार पद्मावती सिंहलाई एउटा उपन्यास लेख्न मन लाग्यो । तर, घरमै बसेर उपन्यास लेख्ने वातावरण भएन । त्यसैले उनी काठमाडौंबाट विराटनगर गइन्, डेरा लिइन् र सिध्याइन् आफूले लेख्न चाहेको उपन्यास *समानान्तर आकाश*। उपन्यास लेख्न धेरै समय लाग्छ, तर घरमा बसेर लेख्ने समय मिल्दैन, त्यसका लागि एकान्त वातावरण चाहिन्छ । तर, घरमा त्यो वातावरण पाउन गाह्रो हुने अनुभव छ पद्मावतीसँग । घरबाहिर बसेर लेखेको र २०६२ मा साझा प्रकाशनले छापेको उनको त्यही उपन्यासले साझा पुरस्कारसमेत पायो । त्यस वर्ष साझा प्रकाशनबाट छापिएका ३३ वटा कृतिमा पुरुषले लेखेका २८ र महिलाले लेखेका ४ वटा कृतिलाई जितेर *समानान्तर आकाश*ले साझा पुरस्कार पायो । त्यही वर्षको मदन पुरस्कार पाउने राधा उपन्यासका लेखक कृष्ण धरावासी ती २८ पुरुष लेखकमध्ये पर्छन् ।

तर, लेखनका लागि घरै छाड्नेसम्मको अवसर कमै मात्र नेपाली महिला साहित्यकारले पाएका हुन्छन् । त्यसैले नेपाली साहित्यमा महिलाका कृति कम छन् । त्यसैले साहित्यिक क्षेत्रमा यसले महिलाको योगदान पनि कमै हुने गरेको देखाउँछ ।

तर, यथार्थ त्यो होइनरहेछ भन्ने पद्मावतीको *समानान्तर आकाश*ले प्रमाणित गरिदियो । समीक्षकहरू नेपाली साहित्यको इतिहासमा ललितत्रिपुरासुन्दरीलाई पहिलो नेपाली महिला साहित्यकार भन्छन् । उनले महाभारत शान्तिपर्वको अनुवाद गरेकी थिइन् । तर, मौलिक लेखन तथा विचारका हिसाबले योगमाया पहिलो महिला सर्जक हुन् जसले *सर्वार्थ प्रकाश* शीर्षकमा छन्दमा कविता लेखेकी थिइन् ।

पारिवारिकदेखि सामाजिक वातावरण पनि सहज र सहयोगी नभएरै हुनुपर्छ, महिला साहित्यकारको हालको अवस्था पनि सन्तोषजनक छैन । विगत एक वर्षमा साहित्यिक *मधुपर्क* मासिकमा प्रकाशित ६ सय २४ रचनामध्ये महिलाका ६६ वटा मात्र थिए । त्यस्तैगरी, *गरिमा*मा विगत एक वर्षमा ३ सय ८८ साहित्यकारका रचना छापिएकोमा महिलाका ६१ मात्र थिए । शब्द संयोजनमा ३ सय ७१ रचनामा ५९ मात्र महिलाका थिए । यसरी तीनवटा पत्रिकामा एक वर्षमा १ हजार ३ सय ८३ लेखकको रचना छापिएकोमा महिला लेखकको सङ्ख्या १ सय ८६ मात्रै छ जुन कुल लेखक सङ्ख्याको १३ प्रतिशतमात्रै हो ।

साहित्यकार पद्मावतीका अनुसार, घर-गृहस्थीमा पुरुषभन्दा महिला धेरै व्यस्त रहन्छन्, आफ्नो पहिचान बनाउन घरबाहिर निस्केर पनि विभिन्न काम गर्छन् । दिनभरको व्यस्ततापछि घर आइपुग्दा फेरि घरको कामले थिच्छ उनीहरूलाई । कि त नसुतेर रातभर लेख्नुपर्‍यो कि घरको दायित्व पन्छाउनुपर्‍यो । दुवै विकल्प उनीहरूका लागि गाह्रो छ, त्यसैले समय बचे मात्रै साहित्यलेखनमा लाग्ने महिला साहित्यकारको बाध्यता छ ।

समालोचक सुधा त्रिपाठी पनि महिलाको रचना स्तरीय नहुनुमा घरायसी काम र बोझलाई नै जिम्मेवार ठान्छिन् । भन्छिन्, ‘घरको कामबाट कहिल्यै फुर्सद पाइँदैन, आराम गर्नुपर्ने समय घटाएर लेख्नुपर्छ । रचना राम्रो बनाउन अरू साहित्यकारसँग छलफल, अन्तर्क्रिया गर्न पनि पाइँदैन ।’ कथाकारका रूपमा बढ्ता

***पारिवारिकदेखि सामाजिक वातावरण पनि सहज र सहयोगी नभएरै हुनुपर्छ, महिला साहित्यकारको हालको अवस्था पनि सन्तोषजनक छैन । विगत एक वर्षमा साहित्यिक मधुपर्क मासिकमा प्रकाशित ६ सय २४ रचनामध्ये महिलाका ६६ वटा मात्र थिए । त्यस्तैगरी, गरिमामा विगत एक वर्षमा ३ सय ८८ साहित्यकारका रचना छापिएकोमा महिलाका ६१ मात्र थिए । शब्द संयोजनमा ३ सय ७१ रचनामा ५९ मात्र महिलाका थिए ।***

पहिचान बनाएकी भुवन ढुङ्गाना घरायसी व्यस्तताले साहित्य सिर्जनामा अवरोध खडा गरेको बताउँछिन् । 'यसले गर्दा सोचाइ र अनुभूतिमा अवरोध र परिवर्तन ल्याउँछ । कामले गर्दा भाव आएका बेलामा लेख्न सकिँदैन जसले गर्दा भाव उम्कन्छ,' उनी दुःखेसो पोख्छिन् ।

नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद पनि महिलालाई साहित्यमा सक्रिय हुन नदिने अर्को कारण हो । युवा कवयित्री विमला तुम्खेवा भन्छिन्, 'म जनजाति समुदायको भएकीले परिवारमा त्यस्तो बन्देज त छैन, मलाई स्वतन्त्रता छ तर, घरबाहिरका मानिस समाज भाँड्ने र अराजक भएको आरोप लगाउँछन् । बाहुन-क्षेत्री समुदायमा महिला धेरै शोषित छन्, साहित्यमा पनि त्यसैको असर परेको छ ।' नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०५० सालमा निकालेको नेपालका राष्ट्रिय भाषाका ५३ कविका कवितामा महिलाका कविता तीनवटा मात्रै छन् । लेखक तथा समालोचक डा. सञ्जीव उप्रेतीका भनाइमा पुरुषको तुलनामा महिला साहित्यकार कम हुनुको कारण महिलाको क्षमता कम भएर होइन । उनी भन्छन्, 'सामाजिक संरचनाले गर्दा यसो भएको हो, सामाजिक र राजनीतिक कारण यसको प्रमुख दोषी हो ।' सामाजिक र राजनीतिक अवस्थाले गर्दा शिक्षामा महिलाले कमै अवसर पाएका छन् । शिक्षाको अवसर नै कम भएपछि साहित्य सिर्जना गर्नेहरू पनि कम हुनु स्वाभाविक हो ।

साहित्यमा महिला पछि पर्नुको अर्को कारण हो- अवसरको कमी । पुरुषका तुलनामा महिलाले अवसर पनि कमै पाउँछन् । पुरुषले राम्रो सहुलियत, सुविधा पाउने वातावरण बनेको छ । राम्रो लेख्नका लागि देशदेशावर घुम्नुपर्छ तर, त्यो अवसर महिलाले पाएका छैनन् । 'त्यसैले पुरुषले सयवटा लेख्नु र महिलाले एउटा लेख्नु बराबर भएको छ,' सुधा त्रिपाठी भन्छिन् ।

सर्जक तथा समालोचक प्राध्यापक डा. गोविन्दराज भट्टराईका अनुसार, संसारभर नै महिला पछि पारिएका छन् । भर्जिनिया उल्फले लेखेको निबन्धलाई उद्धृत गर्दै उनी भन्छन्, 'पुरुषका लागि कोठा, कलम, समय र खाजा सबै तयार हुन्छ तर महिलाका लागि केही पनि हुँदैन ।' उनको विचारमा महिला साहित्यकारले आफ्नो ज्ञान बढाउनका लागि यात्रा गर्ने, सभा र अन्तरक्रियामा भाग लिने अवसर पाउन गाह्रो मात्रै होइन, असम्भवजस्तै हुन्छ । यसको सोझो असर लेखनमा पर्छ । 'धेरै महिला साहित्यका हलुका र भावुक विधा गीत, कविता, गजल लेख्छन् । कथा र उपन्यास पनि महिलाले लेखेका छन् । तर, समालोचना र यात्रा-संस्मरणमा उनीहरू धेरै कम छन्, यो अवसरको कमीले हो,' भट्टराई भन्छन् ।

पद्मावतीका भनाइमा, महिला साहित्यकारले निरन्तर लेखिरहनु पनि ठूलो कुरा हो । धेरै महिला साहित्यकार बिहेअघि लेख्छन् र बिहे गरेपछि लेख्न छाड्छन् । 'महिलालाई झन्डै १० वर्ष त बच्चा जन्माउन र हुर्काउन लाग्छ । यसले गर्दा पनि पुरुषसँगको दौडमा उनीहरू पछि परेका छन्,' उनी भन्छिन् । समय नमिल्ने र हतारमा लेख्नुपर्ने भएकाले महिलाका कृतिले मूल्याङ्कन, चर्चा पनि कम पाउँछन्, यसले गर्दा उनीहरूलाई लेखनमा प्रोत्साहन मिल्दैन । चर्चा र पुरस्कारले लेखनलाई प्रोत्साहन मिल्छ तर, साहित्य क्षेत्रका पुरस्कारहरूमा महिलाको पहुँच कम छ । नेपालका दुई प्रतिष्ठित पुरस्कार मदन पुरस्कार दुईजना मात्र महिला साहित्यकार पारिजात र बानिरा गिरीले पाएका छन् । यस्तैगरी, साझा पुरस्कार पाउने महिला साहित्यकार पनि दुईजना मात्र छन्- बानिरा गिरी र पद्मावती सिंह ।

'महिलाका रचनालाई ओझेलमा राख्ने परम्परा छ, पुरुषको रचनाको बढी चर्चा हुन्छ, यी सबै कारणले गर्दा महिलाको लेख्ने उत्साह मर्छ । स्तरमा पनि कमी आउँछ,' साहित्यकार पद्मावतीको अनुभव छ । सञ्जीव उप्रेतीको अनुभव पनि त्यस्तै छ । उनी भन्छन्, 'प्रकाशक र समालोचक बढी पुरुष नै छन्, यसले गर्दा पनि महिलाको सिर्जनाको समालोचना र समीक्षा कम हुने गरेको छ ।' लेख्ने बेलादेखि सुरु भएको समस्याले महिलालाई प्रकाशनसम्म पनि छाड्दैन । भुवन ढुङ्गानाको अनुभव छ, 'पुरुष दौडधुप गर्न सक्छन्, महिला सक्दैनन् ।'

प्रायः सबै साहित्यिक पत्रिकाका सम्पादक पुरुष छन् । यसले गर्दा पनि महिलाका रचना कम छापिन्छन् । तर, *मधुपर्क* मासिकका सम्पादक श्रीओम श्रेष्ठ 'रोदन' यसमा सहमत छैनन् । भन्छन्, 'त्यो भ्रम अब हटिसक्यो, प्रतियोगितामा महिलालाई पनि अगाडि पार्नुपर्छ भन्ने मान्यता बनेको छ ।' *गरिमा*का सम्पादक गोपाल पराजुली भन्छन्, 'छाप्दाखेरि महिला र पुरुष भनेर

छुट्याइँदैन । त्यसैले, महिलाले हीनताबोध गर्नुपर्ने स्थिति छैन ।'

नेपाली साहित्यमा महिलाको अवस्था सन्तोषजनक नभए पनि निराश भइहाल्नुपर्ने स्थिति भने छैन। साहित्यिक सम्पादकका अनुसार, महिलामा स्तर र अवसर बढ्दैछ। राजनीतिक वातावरण महिलाका विषयमा संवेदनशील हुने, समालोचकहरूले महिलाका रचनाको पनि समीक्षा गर्ने, महिलाले पनि पढाइ र लेखनको स्तर उठाउने हो । र, घरायसी काममा पुरुषले महिलालाई सघाउने हो भने महिला साहित्यकारको सङ्ख्या र स्तर दुवै बढ्न सक्छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# घरभित्रै छ छुवाछूत

*समाजमा जातीय आधारमा हुने छुवाछूतको त सधैं चर्चा भइरहन्छ । तर, घरभित्रै हुने छुवाछूतको कुरै उठ्दैन । त्यसको एउटा उदाहरण जेठाजु-बुहारीबीचको छुवाछूत र भेदभावलाई हेर्दै मात्र पुग्छ । यस्ता विषय कमै मात्र बाहिर आउँछन् । पढेलेखेको र शिक्षित समुदायमा नै यस्तो खालको छुवाछूत छ ।*

**✍ इन्दिरा अर्याल**

**बुटवल**/अघिल्लो साल वर्षामा मनसरी बेस्सरी बिरामी परिन्, राति एक्कासि बेथाले च्यापेपछि जेठाजुले छिमेकीसँग गुहार मागेर उनलाई अस्पताल पुऱ्याए। दुई दिनपछि अस्पतालबाट फर्कंदा उनलाई सुनपानी छर्केर मात्रै घरभित्र पस्न दिइयो। एउटै घर-परिवार र आफूले आदर-सम्मान गर्ने जेठाजुसँग छोइयो कि भनेर सुनपानी छर्केर दोष कटाउनुपर्दा उनलाई आफू त्यही परिवारको सदस्य हुँ जस्तो पनि लागेन। अस्पताल सँगै गएका जेठाजुलाई छुँदा पाप लाग्ने डरले उनले यो सब गर्नुपऱ्यो।

रूपन्देहीको सालझन्डीकी मनसरी थापालाई आफ्नै घरभित्र हुने छुवाछूतको यो व्यवहार पटक्कै मन पर्दैन। 'हामीले पकाएको खाना चल्ने, धाराबाट ल्याएको पानी चल्ने, तर आफू बिरामी भएर अस्पताल जानुपर्दा गाउँले गुहार्नुपर्ने, यस्ता कुराले मनै मरेर आउँछ,' घरभित्रै छुवाछूत भोग्नुपर्दाको पीडा सुनाउँदै उनले भनिन्। एउटै घरभित्र हुने यस्तो छुवाछूत र भेदभावका घटना हतपत बाहिर आउँदैनन्।

ससुरा र जेठाजुलाई सम्मान दिने नाममा पारिवारिक छुवाछूत कायम छ। सहरबजार तथा गाउँघरका शिक्षित परिवारमा पनि यो छुवाछूत कायमै छ। बोलीचालीमा सम्बोधन गर्दा जेठाजुलाई दाजु र ससुरालाई बुबा भनेर सम्बोधन गरे पनि उनीहरूबीचको नाता त्यति सहज भएको पाइँदैन।

संयुक्त परिवारमा बसेकी बुटवलकी सम्झना आचार्यलाई पनि यो व्यवहारले निकै पोल्छ। 'जेठाजु र म दुवै कामकाजी छौं, बिहान पाँचै बजे उठेर घरको काम भ्याउँछु। तर, उहाँसँगै मोटरसाइकलमा अफिस

> *'जेठाजु र म दुवै कामकाजी छौं, बिहान पाँचै बजे उठेर घरको काम भ्याउँछु । तर, उहाँसँगै मोटरसाइकलमा अफिस जान भने नहुने । मैले पकाएको भात खान र धोएका कपडा लगाउन हुने,' सम्झनाले पीडा पोखिन् । कार्यालय जान बस कुर्ने ठाउँ पुग्नमात्रै २० मिनेट लाग्छ, कहिले बस पनि पाइँदैन तर, त्यही बाटो मोटरसाइकलमा हिँड्ने जेठाजुले उनलाई पुऱ्याउँदैनन् ।*

जान भने नहुने। मैले पकाएको भात खान र धोएका कपडा लगाउनचाहिँ हुने,' सम्झनाले पीडा पोखिन्।

कार्यालय जान बस कुर्ने ठाउँ पुग्नमात्रै २० मिनेट लाग्छ, कहिले बस पनि पाइँदैन तर, त्यही बाटो मोटरसाइकलमा हिँड्ने जेठाजुले उनलाई पुऱ्याउँदैनन्। साँझमा फर्कंदा पनि त्यही हुन्छ, उनकै कार्यालयको बाटो फर्कने जेठाजुले कहिले पनि उनलाई 'लिफ्ट' दिँदैनन्, । 'कहिले त बस नपाउँदा राति ८-९ पनि बज्छ, त्यस्तो अवस्थामा चिन्दै नचिनेको मान्छेसँग पनि लिफ्ट मागेर फर्कनुपर्ने बाध्यता हुन्छ,' सम्झना दुःख सुनाउँदै भन्छिन्, 'यो समाजको घैंटोमा कहिले घाम लाग्ला ?'

*रूपन्देहीको लुम्बिनी क्षेत्रमा कार्यरत लक्ष्मी मिश्राको अनुभवमा, उनको समुदायमा अहिले पनि लोग्नेमानिसको अघिल्तिर बुहारी खाट, कुर्सीमा बस्न नहुने, जेठाजुलाई छुन नहुने, दसैंको टीका पनि बुहारीलाई लगाइदिन नहुने चलन छ। कपिपय घरमा त जेठाजुले दुना वा कचौरामा टीका दिने चलन छ।*

२० वर्षअघि विवाह भएकी रूपन्देही रुद्रपुरकी गंगा भट्टराईलाई पनि पारिवारिक छुवाछूतले धेरैपटक मन दुःखाएको छ। लोग्नेको मृत्यु भइसक्यो, छोराछोरी पढाउन र घरव्यवहार चलाउन पनि धेरै गाह्रो छ। कहिले मध्यरातमा बच्चा बिरामी पर्छन्। तर, दैलो जोडिएका जेठाजु र ससुराबाट सहयोग पाउँदिनन् उनी। 'दैलो जोडिएका ससुरा-जेठाजु नबोलाएसम्म थाहा पाए पनि आउँदैनन्, सधैं बोलाउँदा छिमेकीले नै कुरा काट्छन्,' छिमेकबाट पनि सहयोग नपाएको दुःखेसो सुनाउँदै उनी भन्छिन्, 'कहिलेकाहीं त दिक्क लागेर म एक्ली रहेछु भन्दै सिरकभित्र मुख लुकाएर रुन्छु।'

नेपालको अन्तरिम संविधानमा जात, लिङ्ग, धर्मका आधारमा कसैले छुवाछूत र भेदभाव गर्न नपाउने प्रष्ट व्यवस्था छ। तर, व्यवहारमा जातपातका नाममा हुने छुवाछूतमात्रै होइन, घरभित्रकै छुवाछूतले पनि कति जरा गाडेर बसेको छ भन्ने गतिलो प्रमाण हो यो। अझ दुःखको कुरा, समाजमा अरूभन्दा जान्नेबुझ्ने र शिक्षित भनिएको ब्राह्मण समुदायमा नै यो छुवाछूत र भेदभाव बढ्ता छ। पहाड होस् वा तराई सबै ठाउँका मानिस, अझ विशेषगरी बाहुनहरूमा यस्ता गलत संस्कार झाङ्गिएका छन्। तराईमा मिश्रा, त्रिपाठी, दुबेलगायतका जातिमा यो संस्कार जरा गाडेर बसेको छ। रूपन्देहीको लुम्बिनी क्षेत्रमा कार्यरत लक्ष्मी मिश्राको अनुभवमा, उनको समुदायमा अहिले पनि लोग्नेमानिसको अघिल्तिर बुहारी खाट, कुर्सीमा बस्न नहुने, जेठाजुलाई छुन नहुने, दसैंको टीका पनि बुहारीलाई लगाइदिन नहुने चलन छ। कपिपय घरमा त जेठाजुले दुना वा कचौरामा टीका दिने चलन छ। 'एकपल्ट जेठाजु, लोग्ने र म एउटै मोटरसाइकलमा बसेर घरमा आयौं, घरमा झगडा नै पऱ्यो,' उनले भनिन्, 'पछि लोग्नेले यस्ता गलत संस्कार छाड्नुपर्छ, घरमै साधन हुँदाहुँदै अरू गाडीमा पठायो भने नराम्रो घटना हुनसक्छ भनेर सम्झाएपछि मात्रै घरबाट गाली खानुपरेको छैन।' तर, सबै ठाउँमा यस्तो छैन, मर्चवार क्षेत्रमा अहिले पनि बुहारी जेठाजु वा ससुरासँग छोइयो भने मिठाइ खुवाएर माफ माग्नुपर्ने चलन छ। संस्कारका नाममा नेपाली समाजमा यो चलन दह्रोसँग जरा गाडेर बसेको छ। तर, त्यसो भन्दैमा यो सब चुपचाप सहेर बस्नुपर्छ भन्ने पनि होइन। परिवर्तनका लागि त कोही न कोही जुर्मुराउनैपर्छ,। लक्ष्मी र उनका पति त्यसैको उदाहरण हुन्, लोग्नेले नबोलेको भए लक्ष्मी अहिले पनि त्यही समस्या भोगिरहेकी हुन्थिन्।

नबुझ्नेलाई बुझाउन सजिलो छ तर बुझेर बुझपचाउनेको सोचाइ बदल्न पक्कै सहज छैन। बिहेपछि जन्मघर त्यागेर आएकी महिलालाई छोरीचेलीकै व्यवहार गर्ने संस्कार बस्यो भने यस्ता समस्या निश्चय पनि समाधान हुँदै जानेछन्। लुम्बिनीका केके श्रीवास्तव यसमा घरपरिवारको भूमिका नै महत्वपूर्ण हुने ठान्छन्। उनी भन्छन्, 'पुरुषले व्यवहार परिवर्तन गर्न सक्नुपर्छ, गाउँका अशिक्षित महिलालाई उनीहरूकै भाषामा शिक्षा र चेतना बढाएर स्थानीय रूपमा नेतृत्व पनि दिने हिम्मत गर्नुपर्छ। त्यसो भएमा व्यवहार परिवर्तन हुन्छ र सबैले यसको पाठ सिक्छन्।' मगर, गुरुङजस्ता समुदायमा भने पारिवारिक छुवाछूत केही कम छ। कतिपय गलत संस्कार उनीहरू मान्दैनन्। मगर सङ्घकी बुटवल नगर अध्यक्ष ओमी पुन भन्छिन्, 'हामी आफैं त्यस्ता संस्कार चिर्नुपर्छ भन्दै लागेका छौं, त्यसैले हाम्रो समुदायमा त्यति ठूलो समस्या छैन।'

बाहुन जातिले कम्तीमा मगर र गुरुङ समुदायकै आचरणको सिको गर्नसके पनि परिवारभित्रको छुवाछूत धेरै हदसम्म कम हुनसक्छ। विश्व हिन्दू महासङ्घ रूपन्देहीका अध्यक्ष गणेशमान सैजू भने हिन्दूधर्मका कुनै पनि धर्मग्रन्थमा पारिवारिक छुवाछूतको कुरा उल्लेख नभएको बताउँछन्, 'धर्मको गलत अर्थ लगाएर मान्छे-मान्छेबीच छुवाछूत र भेदभाव गर्ने चलन चलाइयो। धर्मले परिवारका सदस्यबीच दुःखसुख साट्न र मायाप्रेम बाँड्न सिकाएको छ, नछुइन र बोली बार्न होइन।' धर्मका आडमा परिवारभित्रै छुवाछूत अपनाउनेहरूले यस्तो कुरा कहिले सिक्लान्?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# महिलाले बनाए नमुना गाउँ

*गरे के हुँदैन ? लमजुङ सिउरुङका महिलाले कसैको मुख नताकी आफ्नै मेहनतमा गाउँलाई नमुना बनाएर त्यसको उदाहरण दिएका छन् । बिजुलीको कल्पनासमेत नगरिएको त्यो गाउँ महिलाकै प्रयासमा झलमल्ल छ । गाउँमा शिक्षा, स्वास्थ्य, पर्यटन तथा विकासको चेतना बढेकोमा स्थानीय बासिन्दा दङ्ग छन् ।*

**✍ प्रेमकुमारी घले**

**लमजुङ**/ दस/बीस रुपैयाँ उठाएर के हुन्छ र ? छ वर्षअघि सामूहिक बचत कार्यक्रमको प्रस्ताव राख्दा विष्णुकुमारीलाई सबैले यस्तै प्रश्न सोध्ने गर्थे । ती प्रश्नले केहीछिन निराश बनाए पनि विष्णुकुमारीले खुट्टा कमाइनन् । सम्झाइ, बुझाइ सबैको साथ लिएर अघि बढिन् । आज तिनै विष्णुकुमारीको अगुवाइले लमजुङको सिउरुङ गाउँ नमुना बनेको छ । कसैले उदाहरण दिँदा सिउरिङ गाउँकै नाम अघि आउँछ । तर, कसरी भयो त नमुना गाउँ ?

मुलुकमा आन्तरिक द्वन्द्व चर्केको थियो । गाउँघरमा छोरामानिस उतिसारो थिएनन् । गाउँ सुनसान थियो । सबैको एउटै आकाङ्क्षा गाउँ छोडेर सहर पस्ने थियो । गाउँमा महिला मात्रै थिए । बस्ती पातलिँदै जान थालेपछि महिलाले केही गर्ने हिम्मत अघि बढाए । त्यसको नेतृत्व लिएकी थिइन् विष्णुकुमारीले । अन्य गाउँको देखासिखीमा पहिला उनीहरूले आयआर्जन गर्ने सोच बनाए । त्यसका लागि सामूहिक बचत कार्यक्रम सुरु भयो । बचत गरेको रकमबाट आयआर्जनका कार्यक्रम सुरु गरे । यसले चेतना र आत्मनिर्भर दुवै बढायो । सधैं चुलोचौकामा सीमित महिलाले बिस्तारै विकासका लागि अगुवाइ लिन थाले । बाटो बनाए । गाउँ सरसफाइ गरे । शौचालय निर्माण गरे । बत्ती नपुगेको अन्धकार गाउँलाई विद्युत् उत्पादन गरी झलमल्ल बनाए । बिजुली बलेपछि त उनीहरूले गाउँलाई नमुना गाउँ घोषणा गरे ।

नेपालकै लागि नमुना बनेको छ लमजुङको सिउरुङ गाउँ । 'ती दिन सम्झेर अहिले हेर्दा आफैँलाई अचम्म लाग्छ,' गाउँकी अगुवा विष्णुकुमारीले भनिन्, 'यतिसम्म गर्न सकिन्छ भन्ने सोचिएकै थिएन ।'

विवाह र अन्य पर्वमा उनीहरू रकम उठाउँथे । त्यो रकम सामूहिक बचतमा जम्मा हुन्थ्यो । गाउँ ठूलो भएकाले उनीहरूले तीनवटा सहकारी खोलेर यस्तो बचत कार्यक्रम चलाए । १ लाख ५० हजार रुपैयाँ बचत गरिसकेपछि विकासमा हात हाल्ने हिम्मत भयो । सँगसँगै आयआर्जनका कार्यक्रम पनि उनीहरूले अभियानकै रूपमा चलाए । 'पैसा जम्मा त सबैले गर्छन् तर जम्मा गरेको पैसाको प्रयोग कसरी गरिन्छ भन्ने

*चाडपर्व, विवाह र अन्य पर्वमा उनीहरू रकम उठाउँथे । त्यो रकम सामूहिक बचतमा जम्मा हुन्थ्यो । गाउँ ठूलो भएकाले उनीहरूले तीनवटा सहकारी खोलेर यस्तो बचत कार्यक्रम चलाए । १ लाख ५० हजार रुपैयाँ बचत गरिसकेपछि विकासमा हात हाल्ने हिम्मत भयो । सँगसँगै आयआर्जनका कार्यक्रम पनि उनीहरूले अभियानकै रूपमा चलाए ।*

कुरा ठूलो हो,' गाउँकी अर्की अगुवा डिलकुमारी गुरुङ भन्छिन्, 'हामीले जम्मा गरेकै पैसाले अहिले गाउँको मुहार फेरिएको छ ।'

विद्युत् निकाल्न महिलाले ६ महिनासम्म श्रमदान गरेका थिए । ५ किलोवाट क्षमताको उक्त विद्युत् उत्पादनबाट गाउँका १ सय १२ घरपरिवारमा उज्यालो पुगेको छ । विद्युत् उत्पादन गर्न श्रमदान मात्रै गरेनन्, आफ्नो संस्थाको १ लाख ५० हजार र नपुग रकम कृषि विकास बैंकबाट ऋण पनि निकाले ।

'सुरुमा यस्तो क्षेत्रमा काम गर्न सकिन्छ भन्ने विश्वास नै थिएन,' ती दिन सम्झँदै विष्णुकुमारीले भनिन्, 'हामी घर छोडेर बाहिर नगएका महिलाले त्यस्तो काम त्यति छिट्टै सकौंलाजस्तो लाग्या थिएन, तर आँट्यो भने सकिँदोरहेछ भन्ने कुरा प्रमाणित भयो ।' विद्युत् निकाल्न कुनै संस्थाले सहयोग पनि गरेन । उनीहरूले प्राविधिक ल्याए, सामान ढुवानी गरे, पानीको पाइप आफैंले बिछ्याए । 'सबै काम हामीले नै गऱ्यौं,' विष्णुकुमारीले भनिन्, 'पुरुष दाजुभाइले पछि बसेर हामीलाई सहयोग गर्नुभयो ।'

सदरमुकाम बेसीसहरबाट ६ घन्टा टाढा रहेको सिउरुङ गाउँमा प्राधिकरणको लाइन जाने कुनै

*विद्युत् निकाल्न महिलाले ६ महिनासम्म श्रमदान गरेका थिए । ९ किलोवाट क्षमताको उक्त विद्युत् उत्पादनबाट गाउँका १ सय १२ घरपरिवारमा उज्यालो पुऱ्याएका छन् । विद्युत् उत्पादन गर्न श्रमदान मात्रै गरेनन्, आफ्नो संस्थाको १ लाख ५० हजार र नपुग रकम कृषि विकास बैंकबाट ऋण पनि निकाले । 'सुरुमा यस्तो क्षेत्रमा काम गर्न सकिन्छ भन्ने विश्वास नै थिएन,' ती दिन सम्झँदै विष्णुकुमारीले भनिन्,*

कार्यक्रमसम्म थिएन। समूहका ३५ जना महिला सदस्यले लघुजलविद्युत् बनाउने कामको नेतृत्व गरेका थिए। अहिले विद्युत् उत्पादन गरेपछि समूहमा थप आम्दानीको स्रोत पनि बढेको छ। एउटा बल्बको ३५ रुपैयाँ दरले उनीहरू पैसा उठाउँछन्। त्यसबाट बैंकको ऋण तिर्ने र बिजुलीको मर्मतसम्भारमा खर्च गर्ने उनीहरूको योजना छ। 'सबैको प्रयास भएपछि त जे पनि सम्भव हुनेरहेछ,' विष्णुकुमारीले भनिन्, 'समूहमा सदस्यले उठाएको रकम मात्र होइन, विवाह, चाडपर्वको समयमा नाचगान गरेर पनि पैसा जम्मा गर्दछौं।' त्यो पैसाले बाटो, पुलपुलेसा बनाउने काम भयो। समूहकी सदस्य वनमाया गुरुङ भन्छिन्, 'सामाजिक समस्याका बारेमा छलफल र सरसफाइसम्बन्धी चेतनाका कुरा पनि हामी गर्छौं।'

महिनामा दुईपटक उनीहरू भेला हुन्छन्। आफ्नो घरमा समाधान हुन नसकेका समस्या पनि छलफल गर्छन्। बचत उठाउने र विभिन्न योजनाका बारे छलफल चलाउँछन्। बाटो निर्माण, स्वास्थ्य, सरसफाइ र विद्यालयका काममा विशेष उनीहरू खट्छन्।

समूहबाट १५ हजार रुपैयाँ सापट लिएर पसल गरेकी डिलकाशी गुरुङले अहिले घरव्यवहार आफ्नै आम्दानीबाट चलाउँछिन्। उनीजस्तै पसल चलाउन, तरकारी उत्पादन गर्न, पशुपालन गर्ने ठूलै समूह बनिसकेको छ सिउरिङमा। 'आफ्नो पनि खातामा पैसा भएपछि त आत्मविश्वास नै बेग्लै हुँदोरहेछ,' डिलकाशीले अनुभव सुनाइन्, 'छोराछोरीको फि तिर्नुपर्‍यो, श्रीमान् विदेश जानुछ, भिसा आइसक्यो पैसा कहाँ खोज्ने भन्ने चिन्ता अब छैन।'

सस्तो ब्याजदरमा निश्चित समयका लागि खाँचो टार्न अब कतै दुःख पाउनुपर्दैन। समूहमा बचत भएको पैसा नै काफी छ। समूहले गाउँघरको चर्को ब्याजको तुलनामा सस्तो ब्याजमा आयआर्जनका लागि समूहबाट ऋण दिन्छ। अहिले यहाँका धेरैजसो महिलाले व्यावसायिक रूपमा भेडा, बाखा पाल्ने र तरकारी खेती गर्ने गरेका छन्।

पहिला यस्तो थिएन। महिला घरभित्रबाट बाहिर निस्कँदैनथे। परिवार पुरुषको भरमा अडेको थियो। गाउँमा सरसफाइ थिएन। शिक्षा राम्रो थिएन। शौचालय नहुँदा घर-आँगन फोहोर थियो। अहिले सफाइ अभियान थालेपछि कुनै घर पनि शौचालयविहीन छैन। प्रत्येकका घरआँगन चिटिक्क देखिन्छन्। त्यसका लागि उनीहरू साप्ताहिक अभियान चलाउँछन्। घर-आँगन सफा नगर्ने र बाटोमा दिसापिसाब गर्ने व्यक्तिलाई सजाय पनि गर्छन्। शौचालयमा दिसापिसाब नगरी बाहिर गरेमा दस रुपैयाँदेखि ५० रुपैयाँसम्मको दण्ड गर्ने व्यवस्था गरेका छन्। यतिसम्म कि गाउँको प्रस्तावित लताकुञ्ज निम्नमाध्यमिक विद्यालयमा पढाउने शिक्षकको तलबसमेत उनीहरू नै दिन्छन्। विद्यालय खुल्नुअघि महिलाले नै श्रमदान गरेर भवन बनाएका हुन्। विद्यालयका प्रधानाध्यापकसमेत रहेका उमरबहादुर गुरुङ भन्छन्, 'पहिले महिलामा पढेर के पाइन्छ भन्ने भावना थियो, अहिले आफूहरू पनि अक्षर चिन्न प्रौढ कक्षा जाने र बालबच्चालाई पनि अनिवार्य स्कुल पठाउने गरेका छन्।'

गत वर्षदेखि यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चिनाउन 'सिउरुङ महोत्सव' सुरु गरिएको छ। विश्वमै लोकप्रिय अन्नपूर्ण पैदलमार्ग क्षेत्रमा पर्ने सिउरिङ गाउँलाई स्याङ्जाको सिरुबारीको विकल्प दिन खोजेका छन् महिलाले। सिउरुङ घुम्न आउने पर्यटकलाई उनीहरू घर/घरमा 'पेइङ गेष्ट'का रूपमा राख्छन्। 'अब त गाउँमा धेरै विकास भएको छ,' विष्णुकुमारीले भनिन्, 'पर्यटकलाई गाउँमा तानेर यो क्षेत्रका महिलाको आर्थिक सुधार गर्ने हाम्रो लक्ष्य छ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बेरोजगारीले बढाएको मानसिक समस्या

*शैक्षिक बेरोजगारले युवापुस्तामा मानसिक समस्या उत्पन्न गराएको छ । युवापुस्तामा अध्ययन सकिएपछि सानोतिनो काम गर्ने इच्छा हुन्छ । योग्यताअनुसारको काम नपाउँदा निराशा, एक्लै बस्न मन लाग्नेजस्ता समस्या देखिन थाल्छन् । नेपालमा बेरोजगारी, आन्तरिक द्वन्द्व र राजनीतिक अस्थिरताले नयाँ अवसर सिर्जना नहुनुले युवापुस्तामा मानसिक समस्या देखिएको हो भन्छन् विज्ञहरू ।*

**✍ नेहा शर्मा (रूपा)**

**दाङ**/ बिजौरी घर भएका सुरेश घिमिरे (नाम परिवर्तन) आजभोलि कसैसँग बोल्दैनन् । एकोहोरो भएर झोक्रिएर बसिरहन्छन् । सानोसानो कुरामा पनि झडङ्ग रिसाउँछन् उनी ।

सुरेश त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमा समाजशास्त्रमा स्नातकोत्तर गर्दैछन् । तर २-४ महिनाअघिदेखि उनी क्याम्पससमेत जान छोडेका छन् । 'आ, जति पढे पनि २-४ हजारको पनि जागिर पाइन्न, के खान दुःख गर्नु,' सुरेश हरेश खाँदै भन्छन् ।

जागिर खाँदै पढ्ने भनेर काठमाडौं छिरेका उनी बिहान-बेलुकाको छाकसम्म टार्न नसक्ने भएपछि विरक्तिएका छन् । 'कसैले केही भन्यो भने मुटु ढुकढुक हुन्छ, त्यसै डर लागेर आउँछ । अझ आजभोलि त कतै मान्छेको हुल देख्दा पनि डर लाग्छ,' उनी भन्छन् ।

स्नातकोत्तरसम्मको पढाइ पूरा गरेकी प्रमिताको समस्या पनि सुरेशको भन्दा फरक छैन । बुटवलकी प्रमिता हाल मैतिदेवीमा बस्छिन् । हिजोआज उनी चिनेजानेको जो भेटे पनि झम्टेर रोइहाल्छिन् । के भयो भनेर सोध्दा उनी घुँक्कघुँक्क रुँदै भन्छिन्, 'मलाई बाँच्न मन छैन ।'

प्रमिताका बुबा सामान्य किसान हुन् । उनका दुई भाइ छन् । घरकी जेठी छोरी हुन् उनी । सानोतिनो जागिर खाएर भाइहरूको पढाइखर्च पनि उनैले जुटाउनुपर्ने । ४-५ वर्ष भइसक्यो उनले धेरै ठाउँमा जागिरका लागि आवेदन दिएको । तर, काम भने पाएकी छैनन् । उनी भन्छिन्, 'म सक्षम छैन र ? नभए किन काम पाइनँ त ?'

प्रमिता जागिर नपाएकोमा चिन्तित छिन् । डाक्टरले उनलाई मानसिक रोग लागेको शङ्का गरेका छन् । मानसिक रोगी भएको थाहा पाएर पनि उनी डाक्टरको औषधि खान डराइरहेकी छिन् । भन्छिन्, 'एक दिन राति एक्कासि मुटु भट्भट् गऱ्यो । भाइहरूले आत्तिँदै ओम नर्सिङहोमको इमर्जेन्सी कक्षमा लगे, त्यहाँबाट मलाई मानसिक डाक्टरकोमा लगियो ।

*प्रमिता जागिर नपाएकोमा चिन्तित छिन् । डाक्टरले उनलाई मानसिक रोग लागेको शङ्का गरेका छन् । मानसिक रोगी भएको थाहा पाएर पनि उनी डाक्टरको औषधि खान डराइरहेकी छिन् । भन्छिन्, 'एक दिन राति एक्कासि मुटु भट्भट् गऱ्यो । भाइहरूले आत्तिँदै ओम नर्सिङ्होमको इमर्जेन्सी कक्षमा लगे, त्यहाँबाट मलाई मानसिक डाक्टरकोमा लगियो । त्यतिबेलासम्म मैले मेरो रोगबारे परिवारलाई समेत थाहा दिएकी थिइनँ ।*

त्यतिबेलासम्म मैले मेरो रोगबारे परिवारलाई समेत थाहा दिएकी थिइनँ । तर त्यस दिन सबैले थाहा पाए ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार नेपालमा प्रतिसय जनामध्ये २५ जना मानसिक रोगी छन् । तीमध्ये ५ जना कडा खालका मानसिक रोगी छन् जसलाई अस्पतालमा नै राखेर उपचार गर्नुपर्छ ।

विश्व स्वास्थ्य सङ्गठनको आँकडालाई आधार मानेर भन्ने हो भने नेपालको कुल जनसङ्ख्यामध्ये झन्डै ४६ लाख व्यक्ति मानसिक रोगको सिकार भएका छन् । जसमध्ये झन्डै १४ हजार मानसिक रोगको समस्या लिएर अस्पताल पुग्ने गर्दछन् । धेरैजसो मानसिक रोगी २० देखि ४० वर्ष उमेर समूहका रहेको पाइएको छ ।

वरिष्ठ मनोचिकित्सक डा. कपिलदेव उपाध्याय भारतजस्तो ठूलो मुलुकमा भन्दा पनि नेपालमा मानसिक रोगीको सङ्ख्या बढी रहेको बताउँछन् । उनी भन्छन्,

*प्राविधिक शिक्षा लिए जागिर पाइन्छ भन्ने आशामा किशोरले राजधानीको एपेक्स कलेजबाट कम्प्युटर विषयमा स्नातक गरे । तर, जागिर पाउन भने सकेनन् । निकै निराश भएर किशोर भन्छन्, 'बाबुआमाले ३-४ लाख खर्च गरेर प्राइभेट क्याम्पस पढाए । अहिले घरको न घाटको भइयो, न जागिर पाइन्छ न त गाउँमा गएर बस्न नै सकिन्छ ।'*

'नेपालमा बेरोजगारी र आन्तरिक द्वन्द्वका कारण मानसिक रोगीको सङ्ख्या बढ्दो छ। तर, भारतमा राजनीतिक स्थिरता छ। त्यहाँ सजिलै काम पनि पाइन्छ ।'

'अहिलेका युवाले शिक्षामा जुन किसिमले लगानी गरेका छन् त्यसअनुसारको प्रतिफल नपाउँदा तनाव पैदा हुन्छ, जसले गर्दा उनीहरू मानसिक रोगी बन्न पुग्छन्,' डा. उपाध्यायको भनाइ छ ।

राजधानीकै घट्टेकुलोमा बस्ने २५ वर्षका किशोर थापा पनि मानसिक रोगले पीडित छन् । उनमा मुटु ढुकढुक गर्ने, जिउ गल्ने, नकारात्मक सोच आउने गरेको धेरै दिन भयो । सुरुमा मुटुको समस्या पो हो कि भनेर मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीसमक्ष पुगे उनी । डाक्टरले रोग पत्ता लगाउन सकेनन् । तर, उनलाई मानसिक डाक्टरकोमा जाने सल्लाह भने डा. रेग्मीले नै दिएका थिए । डाक्टरको सल्लाहबमोजिम किशोरले ३ महिनादेखि मानसिक रोगको औषधि खाइरहेका छन् ।

प्राविधिक शिक्षा लिए जागिर पाइन्छ भन्ने आशामा किशोरले राजधानीको एपेक्स कलेजबाट कम्प्युटर विषयमा स्नातक गरे । तर, जागिर पाउन भने सकेनन् । निकै निराश भएर किशोर भन्छन्, 'बाबुआमाले ३-४ लाख खर्च गरेर प्राइभेट क्याम्पस पढाए । अहिले घरको न घाटको भइयो, न जागिर पाइन्छ न त गाउँमा गएर बस्न नै सकिन्छ ।'

मनोचिकित्सक डा. उपाध्याय यो रोग लागिसकेपछि मन नरमाइलो हुने, मुटु ढुकढुक गर्ने, शरीरमा शक्ति नै नभएकोजस्तो महसुस हुने बताउँछन् । एक्लै बस्न मन लाग्ने, रिस बढी उठ्ने, आत्मविश्वासमा कमी हुने, नकारात्मक धारणाको विकास हुने तथा आत्महत्या गर्न मन लाग्ने पनि मानसिक रोगका लक्षण हुन् । यो रोग लागिसकेपछि कम्तीमा छ महिनासम्म लगातार औषधि खानुपर्छ भन्छन् डा. उपाध्याय ।

स्वास्थ्य मन्त्रालयका प्रमुख विशेषज्ञ डा. निराकारमान श्रेष्ठ भन्छन्, 'मानसिक रोगको प्रमुख कारणमध्ये बेरोजगार पनि एक हो । राज्यले युवाहरूका लागि अवसर र रोजगारीका लागि विषेष व्यवस्था गर्नुपर्छ ।'

यसैगरी अर्का मानसिक रोग विशेषज्ञ डा. पुष्पप्रसाद शर्मा पनि युवा वर्गमा अहिले मानसिक समस्या तुलनात्मक रूपमा बढ्दै गएको बताउँछन् ।

नेपालमा १५ देखि २४ वर्ष उमेर समूहका ८०.२ प्रतिशत पुरुष र ५९.२ प्रतिशत महिला साक्षर छन् । तीमध्ये कति बेरोजगार रहेका छन् भन्ने तथ्याङ्क नभेटिए पनि कुल जनसङ्ख्याको ३५.५ प्रतिशत पुरुष र १४.२ प्रतिशत महिला मात्र रोजगार रहेका छन् ।

नेपालमा शिक्षित बेरोजगारको सङ्ख्या दिनदिनै बढ्दै छ । शिक्षित जनशक्तिको वार्षिक उत्पादन र रोजगारीको अवस्थालाई हेर्ने हो भने भविष्यमा बेरोजगारीको सङ्ख्या डरलाग्दो रूपमा नथपिएला भन्न सकिन्न । उता बेरोजगारीकै कारण गत वर्ष मात्र १ लाख ६५ हजार व्यक्ति विदेश गएका छन् ।

सुरेश हुन् या प्रमिता अब जागिर पाए पनि काम गर्न नसक्ने अवस्थामा पुगिसकेका छन् । पहिलेकै अवस्थामा आइपुग्नका लागि उनीहरूलाई अब कम्तीमा ६ महिनादेखि १ वर्षसम्म समय लाग्दछ । यो समस्यातिर कसले ध्यान दिने हो- सोच्ने बेला आएन र ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सुदूरपश्चिममा कुपोषणको डरलाग्दो रूप

*सुदूरपश्चिमका धेरै बालबालिका पोषिलो खानेकुराको अभावले कुपोषणको सिकार भएका छन् । यसको मुख्य कारण गरिबी त हो नै, यहाँको समाजमा व्याप्त रुढीवादी सोचाइ, अशिक्षा र अज्ञानताले पनि यो समस्यालाई अझ बढाउन मलजल पुऱ्याएको छ ।*

**✍ यमकला पाण्डेय**

**महेन्द्रनगर**/बाबु दिनभर ज्याला-मजदुरीको काम खोज्न जान्छन्, उनी नफर्केसम्म घरमा चुल्हो बल्दैन । काम पाइयो भने दुई किलो चामल बोकेर फर्कन्छन्, त्यसैले भोलिपल्ट बिहानसम्मको छाक टर्छ, तर अत्यन्तै विजोगसँग । दिनभरको कमाइले चामल ल्याएर भात पाके पनि तरकारी पकाउने उपाय हुँदैन । सुख्खा भात नुन र खुर्सानीसँग खानुपर्छ ७ वर्षे दीपक र पाँचवर्षे प्रेम सुनारले । मीठो र पोषिलो खानेकुरा त उनीहरूका लागि कल्पना मात्रै हो । मीठो खान रहर गर्ने उमेर यही हो । तर, त्यही सुख्खा भात खान पाए पनि भाग्य फिरेजस्तै हुन्छ उनीहरूलाई । महेन्द्रनगर नगरपालिका-१८ सालघारीकी धनमती सुनारको घरमा वर्षौंदेखि यही दैनिकी छ ।

त्यही भएरै होला, बाल्यावस्थामै दीपक र प्रेमको शरीर सुक्दै गएको छ । हुनुपर्ने शारीरिक विकास पनि भएको छैन । बालबच्चाको यो हालत भएपछि धनमतीमा चिन्ताको भारी थपिएको छ । 'मीठो र पोषिलो खानेकुरा कहिल्यै पाइएन, पेट भर्न पाए सबथोक पुग्यो भन्ने लाग्छ,' उनी बाध्यता सुनाउँछिन्, 'छोराहरूको यो अवस्थाले साह्रै मन पोल्न थालेको छ । तर, के गर्ने हामी गरिबले ?' बाल्यावस्थामै पोषिलो खानेकुरा नपाएपछि उनका बालबच्चा कुपोषणको सिकार बन्दै गएका छन् । अभाव, गरिबी र गुजाराको समस्यासँगै धनमतीलाई अब बालबच्चालाई कसरी जोगाउने भन्ने गहिरो चिन्ता थपिएको छ ।

ज्याला-मजदुरीले साँझबिहानको छाक जुटाउन धौ-धौ पर्ने बाबुलाई छोराहरूको यो अवस्थाले चिन्तित पारेको छ तर, गर्ने उपाय के नै छ र ?

यही पीडा भोग्दैछिन्- गीता चौधरी पनि । उनले जन्माएको पहिलो सन्तानको अवस्थाले उनलाई चिन्तामाथि चिन्ता थपिएको छ । काखको छोरा सुरजको अवस्था एकदमै नाजुक छ । बाल्यावस्थामै सुरजको शरीर सुक्दै गएको छ, उमेर बढ्दै जाँदा तौल र उचाइ बढ्न सकेको छैन । बाल्यावस्थामा चाहिने पोषिलो खानेकुरा उसले खानै पाएन । गीता दुःखेसो सुनाउँछिन्, 'कहिले त भोकभोकै बस्नुपर्छ, अनि कसरी होस् हाम्रा बच्चाको अवस्था राम्रो ?'

*'मीठो र पोषिलो खानेकुरा कहिल्यै पाइएन, पेट भर्न पाए सबथोक पुग्यो भन्ने लाग्छ,' उनी बाध्यता सुनाउँछिन्, 'छोराहरूको यो अवस्थाले साह्रै मन पोल्न थालेको छ । तर, के गर्ने हामी गरिबले ?' बाल्यावस्थामै पोषिलो खानेकुरा नपाएपछि उनका बालबच्चा कुपोषणको सिकार बन्दै गएका छन् ।*

नेपाली उखान नै छ- जो होचो उसैका मुखमा घोचो । त्यस्तै भएको छ दुईछाक जुटाउन धौ-धौ पर्ने यहाँका गरिब र आर्थिक रूपले कमजोरलाई । साँझ-बिहानको छाक कसरी जुटाउने भन्ने समस्याले गाँजेका मानिसलाई अर्को समस्या थपिएको छ- जन्मेका बालबच्चालाई कसरी स्वस्थ बनाएर हुर्काउने भन्ने । सुदूरपश्चिमका जिल्लामा कुपोषणको सिकार हुने बालबालिकाको सङ्ख्या बढ्दै गएको छ । बाबुआमाका लागि सन्तानको मायाजस्तो ठूलो केही हुँदैन । तर, कुपोषणको सिकार बनेका छोराछोरीको हालत टुलुटुलु हेर्न मात्र सक्ने तर केही गर्न नसक्ने बाबुआमाको अवस्था कस्तो होला, सहजै अनुमान गर्न सकिन्छ ।

७३ दशमलव ८ प्रतिशत जनसङ्ख्या खेतीपातीकै भरमा पालिने कञ्चनपुर जिल्लाको तथ्याङ्क हेर्दा यहाँका अधिकांश मानिसलाई पेटभरि खान र लाउन धौधौ छ । अभावले पोषिलो खानेकुराको बाटै छेकिदिन्छ, त्यसले धेरै बालबालिका कुपोषणको सिकार हुने भइहाले । यसबाहेक यहाँका मानिसको अज्ञानता र अशिक्षा पनि त्यसको प्रमुख कारण देखिएको छ । ग्रामीण र विकट ठाउँका दलित र थारू समुदायमा सबैभन्दा बढी कुपोषणको समस्या देखिन्छ, जो गरिबीसँगसँगै अज्ञानता र अशिक्षाको कारण हो ।

यहाँका बालबालिका कुपोषणको सिकार हुनुको अर्को कारण हो- यस क्षेत्रमा व्याप्त रुढीवादी, अन्धविश्वास अनि सुत्केरी अवस्थामा महिलालाई

स्याहारसुसारमा गरिने बेवास्ता। त्यही रुढीवादी सोचाइले यहाँ छोराभन्दा छोरी बढी कुपोषणको सिकार भएका छन्। छोरा जन्मँदा केही बढी स्याहारसुसार हुन्छ तर छोरी जन्मिँदा त्यो पनि हुँदैन। सुत्केरी अवस्थामा आमालाई पोषिलो खानेकुरा दिए बच्चालाई अनेक रोग लाग्छ भन्ने गलत रुढीवादी मान्यता यहाँ अझै कायम छ। अझै पनि सुत्केरी अवस्थामा नुनको ढिकासँग भात खान दिइन्छ।

घरमा पाइने चामल, पिठो, दाल, गेडागुडी र हरियो सागलाई सन्तुलित रूपमा खुवाउन नजान्दा पनि धेरैजसो यो समस्याको सिकार भएका छन्। कतिको मृत्युसमेत भएको छ तर, यसरी कुपोषणको सिकार हुने बालबालिकाको सङ्ख्या कञ्चनपुरमा कति छ भन्ने तथ्याङ्क नै छैन। गैरसरकारी संस्थादेखि सरकारका निकायसम्मले यसको अभिलेख राखेका छैनन्। जिल्लामा बालबालिकाकै लागि काम गर्ने ८ वटा संस्था छन्, विधान र संस्थाको उद्देश्यमा बालबालिका समेटेका अरू थुप्रै संस्था कार्यरत छन्। तर, ती संस्था कसैलाई कुपोषणको यथार्थ अवस्थाबारे जानकारी छैन।

महेन्द्रनगरमा कुपोषित बालबालिकाका लागि पोषणगृहको स्थापना गरिएको छ। पोषणगृहले एक वर्षमा कम्तीमा ९४ जना कुपोषित बालबालिकालाई सेवा पुर्‍याउने लक्ष्य लिएको छ। पोषणगृहका कार्यक्रम सहायक रमेश चन्द भन्छन्, 'यो समस्या डरलाग्दो देखिएकाले हामीले प्रयास थालेका हौं, धेरै गर्न नसकिए पनि केही बालबालिकालाई बचाउन सकिएको छ।'

पोषणगृहले गत सेप्टेम्बर महिनासम्म १ सय १८ जना बालबालिकाको उपचार गरेको छ जसमध्ये ६५ बालक र ४४ बालिका छन्। अहिले पोषणगृहमा परामर्शका लागि आउने मानिसको सङ्ख्या पनि बढेको छ। कुपोषित बालबालिकालाई उनीहरूको अवस्था हेरी १२ देखि ६४ दिनसम्म पोषणगृहमै राखेर उपचार गरिन्छ। अहिले सुदूरपश्चिमका नौवटै जिल्लाबाट उपचारका लागि यहाँ बालबालिका ल्याइन्छ। यसले सुदूरपश्चिममा कुपोषणको समस्या कति डरलाग्दो रहेछ भन्ने पुष्टि गर्छ। पोषणगृहका सुपरभाइजर मुकुन्द भट्ट भन्छन्, 'घरमै भएको खानेकुरा पनि सफा गरी तथा मिलाएर खान नजान्दा धेरै बालबालिकाको स्वास्थ्यस्थिति दयनीय बनेको छ।'

***रुढीवादी सोचाइले यहाँ छोराभन्दा छोरी बढी कुपोषणको सिकार भएका छन्। छोरा जन्मँदा केही बढी स्याहारसुसार हुन्छ तर छोरी जन्मिँदा त्यो पनि हुँदैन। सुत्केरी अवस्थामा आमालाई पोषिलो खानेकुरा दिए बच्चालाई अनेकन रोग लाग्छ भन्ने गलत रुढीवादी मान्यता यहाँ अझै कायम छ। अझै पनि सुत्केरी अवस्थामा नुनको ढिकासँग भात खान दिइन्छ।***

कुपोषण बालबालिकाको मृत्युको कारण बन्न पनि सक्छ। पोषणगृहका कार्यक्रम प्रबन्धक भट्टका अनुसार, कुपोषणको पहिलो चरणमा सामान्य लक्षण देखिन्छ, दोस्रो चरणमा बच्चा कुपोषित भइसकेको हुन्छ र अन्तिम चरणमा ज्यान नै खतरामा पर्छ। तर, यस्तो अवस्था आउनलाग्दा पनि कतिपय अभिभावकले चासो देखाएको भेटिँदैन। त्यही भएर पोषणगृहबाट कुपोषित बालबालिकाको उपचारसँगै घरमै सन्तुलित भोजन बनाउने तरिका पनि गृहिणीलाई सिकाउन थालिएको छ। कार्यक्रम सहायक चन्द भन्छन्, 'गरिब परिवारका बालबालिकालाई भने पोषणगृहमा उपचारपछि अलि अप्ठ्यारो हुने हुँदा उनीहरूलाई घरमै सर्वोत्तम पिठो उपलब्ध गराउँछौं।'

यहाँ खुलेको पोषणगृहले कुपोषित केही बालबालिकालाई त जोगाएको छ। तर, सिङ्गो सुदूरपश्चिमका हजारौं बालबालिका कुपोषणको सिकार भएका बेला यो प्रयास पर्याप्त छैन। कुपोषणको डरलाग्दो असरबाट बालबालिकालाई जोगाउन गाउँमा गरिबी निवारणका कार्यक्रम त सुरु हुनुपर्छ नै, यहाँ व्याप्त अन्धविश्वास तोड्न र जनचेतनामूलक कार्यक्रम चलाउन पनि सरकारका निकाय र गैरसरकारी संस्थाहरूले ढिलाइ गर्नुहुन्न।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

**सञ्चारिका समूह**